

# अध्याय -१०

## बाटो, सत्य र जीवन

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना १३:१-२०; यूहन्ना १४:१-३; दानिएल ७:२७; यूहन्ना १४:५-११; यूहन्ना १:१४, कलस्सी १:१६,१७ र यूहन्ना ५:३८-४०।

*<u>यस अध्यायको मूल सार पदः</u>"परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।"यूहन्ना १:१८।*

यूहन्नाको सुसमाचार मूख्यत चार खण्डमा विभाजित गरिएको छः प्रस्तावना (यूहन्ना १:१-१८), चिन्हहरूका पुस्तक (यूहन्ना १:१९-१२:५०), महिमाको पुस्तक (यूहन्ना १३:१-२०:३१, र निश्कर्ष वा समापन (यूहन्ना २१:१-२५)।

प्रख्यात सातवटा "मै हुँ" भन्ने भनाइहरू चिन्हहरूको किताब र महिमाको किताबको बिचमा पुल भएको पाइन्छ। ती हुन् "जीवनको रोटी" (यूहन्ना ६:३५,४१,४८,५१), "संसारको ज्योति" (यूहन्ना ८:१२, यूहन्ना ९:५), "ढोका" यूहन्ना १०:७,९), "असल गोठालो" (यूहन्ना १०:११,१४), "पुनरुत्थान र जीवन" (यूहन्ना ११:२५) र "साँचो दाखको बोट" (यूहन्ना १५:१)।

*बिदाइका प्रवचनको लक्ष र येशूले आफ्ना चेलाहरूका खुट्टाहरू धुनुभएको तात्पर्यको परिचयलाई यस अध्यायमा हामी हेर्नेछौं। अनि अध्याय १४को "मैं हुँ" भन्ने भनाइलाई हामी नियाल्नेछौं अर्थात् उहाँले आफूलाई बाटो, सत्य र जीवन भनेर सम्बोधन गरेको अर्थलाई हामी हेर्नेछौं।*

## १. मैले तिमीहरूलाई उदाहरण दिएको छु

यूहन्ना १३-१७मा येशूले दिनुभएको बिदाइको प्रवचनले येशूका चेलाहरूको भविष्यको बारेमा परिचय उपलब्ध गराएको छ। यो त्यही साहित्यिक शैली अनुसार हो जुन् व्यवस्थाको पुस्तकमा मोशाको बिदाइ भाषण, आफ्ना सन्तानहरूलाई दिएका याकूबका आशिर्वाद (उत्पत्ति ४७-४९) र दाउदले आफू मर्नुभन्दा अघि सोलोमनलाई दिएको निर्देशन (१ इतिहास २८-२९)मा प्रस्तुत गरिएका छन्। आफू छोडेर जाने भनेर सुनाउँदा शोकित भएका चेलाहरूलाई येशूले सान्त्वना दिनुहुन्छ। आफ्नो सट्टामा तिनीहरूसँग रहने प्रतिनिधिको प्रतिज्ञा तिनीहरूलाई सुनाउनुहुन्छ (पवित्र आत्मा; यूहन्ना १४-१६)। येशूका भक्तहरू हुँदा सामना गर्नुपर्ने कठिनाइ, विपत्ती र शोकहरूलाई उहाँले लुकाउनुहुन्न (यूहन्ना १५-१६), र चेलाहरूलाई विश्वासमा अडिग भएर बस्न उहाँले सल्लाह दिनुहुन्छ (यूहन्ना १५)।

**यूहन्ना १३:१-२० पढ्नुहोस्। यहाँ के भयो र यसमा लेखिएको विवरण किन महत्त्वपूर्ण छ? येशूले के पाठ सिकाउन खोज्नुभएको हो? हेर्नुहोस्, "१ निस्तार-चाड्को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो। २ अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो। ३ पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुभएको थियो। ४ अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो। ५ तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो। ६ जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरा गोडा धुने?" ७ येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ।" ८ पत्रुसले उहाँलाई भने, "तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन।" ९ सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस्।" १० येशूले तिनलाई भन्नुभयो, "नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही**

**धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ। अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन।" ११ किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो। यसैकारण उहाँले भन्नुभएको थियो, "तिमीहरू सबै शुद्ध छैनौ।" १२ तिनीहरूका गोडा धोइसक्नुभएपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो। तब उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरें? १३ तिमीहरू मलाई 'गुरु र प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ। १४ यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक-अर्काका गोडा धुनुपर्छ, १५ किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर। १६ साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन। १७ यदि तिमीहरूले यी कुरा जान्यौ र ती गऱ्यौ भने, तिमीहरू धन्य हुनेछौ। १८ "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' १९ "यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्। २० साँच्चै म तिमीहरूलाई भन्दछु, 'जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ।"**

येशूको समयमा त्यसबेलाका मानिसहरू कि त फित्ता भएको चप्पल वा जुत्ता वा खाली खुट्टाले हिंड्दथे। खुट्टाहरू फोहर र धुलै धुलो हुन्थे। भोजमा आउनेहरूको खुट्टा नोकर वा दासहरूले धुने चलन थियो। तर जुन रात आफ्ना चेलाहरूसँग अन्तिम भोजन खानुभयो त्यस रात कोही पनि नोकरचाकर थिएन। यो समय येशूलाई पक्रनुभन्दा अघि थियो।

सबैलाई चकित पार्ने गरेर भोजबाट उठ्नुभएर येशूले सबैका खुट्टाहरू धुनुभयो। यूहन्ना १३:४,५मा येशूले त्यो काम गर्नुभएको कदमकदममा वर्णन गरिएको छ। स्वामी अत्यन्तै निहुरिएर नम्र भएर विश्वासै गर्न नसकिने गर्नुभएको सेवाको कामलाई विस्तृत रूपमा प्रस्तुत गरेको थियो।

पत्रुसको प्रतिक्रिया यूहन्ना १३:८-११मा प्रस्तुत गरेको छ। येशूका ती कामहरूले चेलाहरू दु:खित भएको र नबुझेको गहिरो रूपमा प्रस्तुत गरेका थिए। तिनीहरूका स्वामी, प्रभु, मसीहले यस्तो घटिया काम कसरी गर्न सक्नुभएको? पत्रुसले आफ्नो घोडा येशूबाट धुन अस्वीकार गरेका थिए। यदि

येशूको काममा उनी सहभागी भएन भने उहाँको राज्यमा पत्रुसको हिस्सा हुनेछैन भनेर सुनाउनुभएको थियो। अनि येशू प्रतिको मोहमा फसेको पत्रुसले गोडा मात्र होइन सम्पूर्ण शरीर नै नुहाइ दिन अनुरोध गरे। येशूसँग आफू सर्वरूपमा सहभागी हुन उनले चाहना व्यक्त गरे। येशूको त्यस कामको महत्त्वले उहाँ को हुनुहुन्छ भनेर देखाउँछ। आफू को हुँ भनेर येशूले यूहन्ना १३:१३मा बताउनुहुन्छ। उहाँ गुरु र प्रभु वा स्वामी हुनुहुन्छ। तिनीहरूले उहाँलाई त्यसरी नै सम्बोधन गर्दथे र आफू त्यही हो भनेर उहाँले सहमति जनाउनुभएको थियो। यस ओहोदाले उहाको अधिकार वा अख्तियार र शक्तिलाई व्यक्त गर्दछ।

तैपनि आफूले पाएको शक्ति, अधिकारलाई सेवाको रूपमा प्रयोग गर्न येशूले सिकाउनुहुन्छ। आफ्नो भाउ खोज्न र अरूलाई दवाउन होइन। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले येशूको त्यो उदाहरणलाई आत्मसात गरेको छ। यस खुट्टा धुने विधिलाई नम्रताको विधि भनेर सम्बोधन गरिन्छ जुन प्रभुभोजभन्दा अघि गरिन्छ।

***नम्रताको विधिले येशूको कदममा हिँड्न तपाईंलाई के सिकाउँछ? तपाईं अरूको सेवाको लागि नियुक्त गरिएको हो भनेर कसरी दिमागमा राखिराख्ने?***

## २. निश्चय नै म फर्केर आउनेछु

**यूहन्ना १४:१-३ पढ्नुहोस्। येशूले कुन सन्दर्भमा ती भनाइहरू व्यक्त गर्नुभएको थियो? हेर्नुहोस्, " १ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"**

यूहन्ना अध्याय १३को अन्त्यतिर येशूले भन्नुभएको थियो उहाँ जाँदै हुनुहुन्छ र पत्रुसले सोधेका थिए कहाँ (यूहन्ना १३:३३,३६) चेलाहरूले येशूको मृत्यु, पुनरुत्थान र स्वर्गमा उक्लिनेबारे बुझ्नै सकेका थिएनन्। आफू येशूको निम्ति मर्न पनि तयार भएको पत्रुसले व्यक्त गरेका थिए। त्यसै समय पत्रुसले

येशूलाई तीन पल्ट अस्वीकार गर्नेछ भनेर भविष्यवाणी गर्नुभएको थियो (यूहन्ना १३:३८)।

यही सन्दर्भमा येशूले चेलाहरूलाई तिनीहरूको हृदय व्याकुल नहोस् भनेर सुनाउनुभएको थियो। व्याकुल भन्ने क्रियापद ग्रीक भाषामा टारासो tarasso हो। यसको अर्थ आघात हुनु, परेशान नहुनु, बेचैन वा अस्थिर नहुनु, हृदयलाई अशान्ति नबनाउनु, शोकित नहुनु आदि हुन्। येशूका ती भनाइले चेलाहरू परेशान हुनुमा छक्क पर्नुपर्दैन।

तिनीहरूको त्रासलाई बुझेर येशूले उहाँका पिताको घरको बारे चर्चा गर्नुहुन्छ। त्यहाँ बस्ने धेरै कोठाहरू छन्। उहाँले तिनीहरूका लागि भवनहरू छन् भन्नु भएन तर होटेलमा हुने जस्ता कोठाहरू रे! उहाँ त्यस घरमा गएर तिनीहरूको निम्ति कोठा वा ठाउँ तयार पार्नुहुनेछ। उहाँको वचनले क्रूसबाट ल्याउने आँधिबेरी भन्दा पनि अपारतिर हेर्न लक्षित गराएको छ। उहाँ उहाँका जनहरूलाई उद्धार गर्न आउनुहुनेछ। उहाँले त्यो समयको अपेक्षा गरिरहनुभएको जुन पापले ल्याएको सबै दुःखहरू सदाको निम्ति हरण हुनेछ (दानिएल ७:२७)।

येशूले यो बाचा गर्नुभयो, "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" यूहन्ना १४:३।

यस प्रतिज्ञाको आधार के हो त? कतिले भन्छन् होला बाइबलका भविष्यवाणीहरू पूरा भएकोले। त्यो सत्य हो। तर यूहन्ना १४:३मा त्यसको आधार फरक छ। पद १मा ग्रीक भाषा अनुसार बर्तमान काल हो अर्थात् म आइरहेको छु। ग्रीक भाषामा यो प्रयोगलाई बर्तमान भविष्य futruristic present भनिन्छ। यो भविष्यको बारेमा बोलेतापनि अहिले नै भइरहेको आभास दिन्छ। अर्थात् यसलाई उचित रूपमा अनुवाद गर्दा "निश्चय नै म आउनेछु" भन्ने अर्थ बुझाउँछु।

बाइबलको भविष्यवाणी पूरा भयो भनेकै आधारमा प्रभुको आगमनको आशा होइन। जुन व्यक्तिले यो प्रतिज्ञा गर्नुभयो त्यस व्यक्तिमा भरोसा राख्नु नै उहाँको आगमनको आशा हो। आफ्ना जनहरूको निम्ति उहाँ निश्चय नै आउनुहुनेछ भनेर उहाँले वचन दिनुभएको छ। कसले यो प्रतिज्ञा गर्नुभयो त्यसले गर्दा हामी उहाँमाथि भरोसा राख्न सक्छौं।

*येशूको आगमनको निश्चयता क्रूसले हामीलाई कसरी सिकाउँदछ? उहाँको दोस्रो आगमन भएन भन उहाँको पहिलो आगमनको औचित्य के छ र?*

## ३. बाटो, सत्य र जीवन मै हुँ

यूहन्ना १४:५,६ पढ्नुहोस्। थोमाले उत्सुक भएर येशू कहाँ जाँदै हुनुहुन्छ भनेर सोध्दा उहाँले के जवाफ दिनुभयो? हेर्नुहोस्: " ५ थोमाले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने?" ६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।"

थोमाको प्रश्न तर्कयुक्त नै छ। यदि कोही मानिस कहाँ गइरहेको छ सो थाहा भएन भने उसलाई तपाईं कसरी पछ्याउने? येशूले थोमाको प्रश्नलाई घुमाउरो पाराले जवाफ दिनुहुन्छ। उहाँ आफै बाटो हुनुहुन्छ र! कहाँ जाने बाटो? परमेश्वर पिताकहाँ। यूहन्नाको पुस्तकको सुरुमा वचन वा लोगोस, येशू ख्रीष्ट र पिताको बिचको सम्बन्ध अत्यन्तै घनिष्ठ भएको उल्लेख गरिएको छ।

यूहन्ना १:१८मा उल्लेख गरिएको छ कि परमेश्वरको केवल एक मात्र वा विशेष पुत्रले परमेश्वर पिताको चिनारी दिनुभएको छ। ग्रीक भाषामा चिन्ने छौ भन्ने एक्सजिओमाइ exegeomi क्रियापद हो। यसको अर्थ व्याख्या गर्नु, अनुवाद गर्नु, वर्णन गर्नु वा स्पष्ट गर्नु भन्ने बुझाउँछ। यसैबाट हामी एक्सिजिस exegesis शब्द पाउँछौं। यसको अर्थ अर्थलाई प्रस्तुत गर्नु हो। यसरी येशू पितासँग संयोजन वा जोड्नु भएको छ। यस पतित संसारमा पिताको बारेमा वाख्या गर्ने, बुझाउने र स्पष्ट पार्ने अरू कोहोबाट होइन, कसैबाट पनि होइन र कुनै धर्मदर्शन वा आत्मज्ञानबाट होइन तर येशूबाट मात्रै हो। त्यसको फलस्वरूप येशू पिताकहाँ जाने बाटो वा मार्ग हो। उहाँबिना परमेश्वरको बारेमा हाम्रो ज्ञान धेरै सिमित नै रहन्छ।

**यूहन्ना १४:६-११ पढ्नुहोस्। फिलिपले नबुझेको कुरा येशूले कसरी स्पष्ट पार्नुभयो? हेर्नुहोस्, " ६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। ७ तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।" ८ फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" ९ येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ?**

**जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' १० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर। १२ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु।"**

पिता परमेश्वरलाई देखाउन फिलिपले अनुरोध गरेका थिए। कुनै पनि पापी मानिसहले उहाँलाई देखेर बाँच्न सक्दैन (प्रस्थान ३३:१७-३४:९, यूहन्ना १:१८)। फिलिपले येशूलाई नबुझेको कारण उहाँले हप्काउनुहुन्छ। येशूलाई देख्नु नै पितालाई देख्नु हो भनेर उहाँले औंल्याउनुहुन्छ (यूहन्ना १४:९)। त्यसकारण, येशू नै परमेश्वर पिताकहाँ जाने मार्ग हुनुहुन्छ। उहाँबिना बाटो अन्धकार र अनिश्चित हुन्छ। परमेश्वरतिर जाने बाटोलाई चम्किलो पार्ने येशू नै हुनुहुन्छ।

येशूले तीन शब्दहरूलाई संगै गाँस्नुहुन्छः बाटो, सत्य, र जीवन। यो बाटो भन्ने शब्द केवल यूहन्नाले मात्र यूहन्ना १:२३मा प्रयोग गर्दछन्। बप्तिस्मा दिने यूहन्नाले येशूको निम्ति बाटो तयार गरिरहेका थिए र यहाँ यूहन्ना १४:६मा उनले प्रयोग गर्छन्। सत्य र जीवन सुसमाचारको पुस्तकका मुख्य विषयवस्तु हो। अर्को बुँदाहरूमा सत्यको अवधारणाको बारेमा हामी छलफल गर्नेछौं। वर्तमान युगमा "सत्य"को बारेमा अनेकौं अडकलबाजी भइरहेकोले यो शब्द हाम्रो निम्ति अत्यन्तै महत्त्वपूर्ण र निर्णायक छ।

***परमेश्वर पिता को हुनुहुन्छ भनेर उत्तम तरिकाले प्रकट गर्ने येशू मात्रै हुनुहुन्छ भन्ने आत्मज्ञानले हामीलाई कसरी सान्त्वना दिँदछ?***

## ४. सत्य मै हुँ

**देहायका पदहरू पढ्नुहोस्। सत्य भन्ने अवधारणा येशूसँग यूहन्नाले सिधै कसरी जोडेका छन्? हेर्नुहोस्: "१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बिचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।... १७ किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए।" यूहन्ना १:१४,**

**१७; " तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" यूहन्ना ८:३२; "येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६ र "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।" यूहन्ना १५:२६।**

यूहन्नाको पुस्तकमा बारम्बार सत्यलाई येशूसँग, उहाँका पितासँग र पवित्र आत्मासँग गाँसिएको देखाइएको छ। सत्य येशूसँग गाँसिएको छ, येशू वचन वा लोगोस र ज्योति हुनुहुन्छ। उहाँ अन्धकारको विपरित हुनुहुन्छ (यूहन्ना १:१-१४, यूहन्ना ३:१९-२१)। झुठो सैतान र पापसँग गाँसिएको छ (यूहन्ना ८:४४-४६)। त्यसकारण, यूहन्नाको निम्ति सत्य केवल तथ्य र विभिन्न तरिकाले चित्रण गर्ने, अनुमान गर्ने वा तर्क गर्ने होइन। सत्य भन्ने अवधारणामा परमेश्वरप्रति नैतिक रूपमा बफादारी हुनु र उहाँको इच्छा अनुसार चल्नु हो।

"धेरै मानिसहरू जीवित परमेश्वरको निम्ति रोइकराइ गरिरहेकाछन्। परमेश्वरको उपस्थितिको निम्ति धेरै मानिसहरूले तिब्र चाहना गरिरहेका छन्। मानवीय दर्शन, वाद, साहित्य निबन्धहरू जतिसुकै उत्कृष्ट भएतापनि मानिसको भित्री हृदयको चाहनालाई सन्तुष्ट पार्न सक्दैन। मानिसहरूका अनेकौं अनुमान, दावी र आविष्कारहरूको कुनै मूल्यमान्यता छैन। परमेश्वरको वचनले मानिसहरूसँग बोलून्। परम्परा, रुढीबाजी, रितिथिति, संस्कार, मानवीय दर्शन, सिद्धान्त, नीतिमा लागिरहने मानिसले परमेश्वरको आवाज सुनून्। उहाँकै वचनले मात्र मानिसको हृदय पुनर्जीवित पार्न सक्छ र अनन्त जीवनमा डोऱ्याउन सक्छ।"-एलेन जी. ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ४०।

येशू नै महा सत्य हो भन्ने अवधारणाको बारेमा सोच्नुहोस्। येशू लोगोस वा वचन हुनुहुन्छ। त्यो वचन परमेश्वरसँग सुरुदेखिनै थियो। त्यही वचनले सबै थोक सृष्टि गर्नुभएको थियो (यूहन्ना १:१-४)। अनन्तदेखि अनन्तसम्म त्यही वचन परमेश्वर पितासँग हुनुहुन्थ्यो। येशूमा पिताका चरित्रहरू छन्। यसरी उहाँ पनि "मै हुँ वा स्वयम्" हुनुहुन्छ। उहाँ कुनै व्यक्ति वा तत्वको अधिनमा हुनुहुन्न। अस्तित्व भएको उहाँबिना केही पनि होइन। उहाँबिना ज्ञानको अस्तित्व पनि छैन। यस जगतमा जे अस्तित्व छ जुन येशूले मात्र सृष्टि गर्नुभएको हो। उहाँमा नै ती सबैको अस्तित्व निहित भएको छ।"

१५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। १८ उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। १९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।" कलस्सी १:१५-२०।

येशू केवल सत्यको अवधारणा मात्र होइन। उहाँ नै सत्य हुनुहुन्छ। सत्य कुनै अवधारणा, दृष्टिकोण वा कसैले निर्माण गरिएको होइन। सत्य भनेको व्यक्ति हुनुहुन्छ।

येशू ख्रीष्ट रूपि सत्य संसारलाई उज्यालो पार्ने ज्योति वा प्रकाश जस्तो हुनुहुन्छ (यूहन्ना ८:१२)। बिलायतका प्रखर बाइबल विद्वान इसाई धर्मको बारे भनेका थिए, "इसाई धर्ममा म विश्वास गर्छु जसरी उदय भएको सूर्यलाई विश्वास गर्छु। मैले घामलाई देखेको कारणले मात्र होइन त्यसबाट म सबै थोक देख्न सक्छु।"-*इज थियोलोजी पोइत्री,* सामिजाट, २०१४, पृ. १५। सुरुमा १९४४मा प्रस्तुत गरिएको थियो।

***सत्यरूपि येशूद्वारा नै हाम्रा वरिपरिको संसारको बारेमा हामी व्याख्या गर्न सक्षम् हुन्छौं।***

## ५. धर्मशास्त्र र सत्य

बाटो, सत्य र जीवनको बारेमा हामीलाई बताउन धर्मशास्त्र बाइबलले महत्त्वपूर्ण भूमिका खेलेको सुसमाचारभरि देखाएको छ। सत्यलाई प्रकट गर्न बाइबलका पुरानो र नयाँ करारभरी प्रमुख भूमिका खेलेको छ। येशूको शिक्षादीक्षा र उहाँ के काम गर्न आउनुभएको हो भनेर हामीलाई बाइबलले नै सिकाउँदछ।

**देहायका पदहरू पढ्नुहोस्। येशूले धर्मशास्त्रको बारेमा के भनिरहनुभएको छ? हेर्नुहोस्,"३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने**

**जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौं।" यूहन्ना ५:३८-४०।**

येशू र उहाँका चेलाहरूले बारम्बार धर्मशास्त्रलाई औंल्याएर येशू नै मसीह हुन् भनेर ठम्याएका थिए। येशू आफैले यसरी जिकिर गर्नुभयो, " ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?" यूहन्ना ५:४६-४७।

**लूका २४:२७ पढ्नुहोस्। येशूले आफ्नो जीवन र सेवाकार्यलाई धर्मशास्त्रबाटै पहिला औंल्याउनुभएको किन महत्त्वपूर्ण मान्नुपर्छ? हेर्नुहोस्,"२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।" लूका २४:२५-२७।**

अर्को ठाउँमा येशूले प्रस्थानको पुस्तकबाट उद्धरण गर्दै उहाँले भन्नुभयो, "परमेश्वरले तिमीहरूलाई के भन्नुभयो के तिमीहरूले पढेनौं...?" मत्ती २२:३१। पवित्र आत्माबाट प्रेरित भएर बप्तिस्मा दिने यूहन्नाको जन्ममा उनका बुबा जकरियाले यो उच्चारण गरेका थिए, " ६९ उहाँले हाम्रा निम्ति आफ्ना दास दाऊदको वंशमा एक शक्तिशाली मुक्तिदाता खड़ा गर्नुभएको छ, ७० जसरी उहाँले प्राचीन कालदेखि नै आफ्ना पवित्र अगमवक्ताहरूका मुखद्वारा बोल्नुभयो, ७१ कि हाम्रा शत्रुहरूबाट र हामीलाई घृणा गर्नेहरू सबैका हातबाट हामी उद्धार पाऔं– ७२ उहाँले हाम्रा पुर्खाहरूलाई कृपा देखाउनलाई, र आफ्नो पवित्र करार स्मरण गर्नलाई, ७३ जुन शपथ उहाँले हाम्रा पुर्खा अब्राहामसँग खानुभएको थियो, ७४ कि हामी हाम्रा शत्रुहरूका हातबाट मुक्त होऔं, र निर्भयतासाथ ७५ हाम्रा समस्त जीवनभरि पवित्रता र धार्मिकतामा उहाँको सामुन्ने उहाँको सेवा गर्न पाऔं। ७६ हे बालक, तिमी सर्वोच्चका अगमवक्ता कहलाइनेछौ, किनकि तिमी प्रभुको अगिअगि उहाँको मार्ग तयार पार्न जानेछौ, ७७ उहाँको जातिलाई पाप-क्षमाद्वारा मुक्तिको ज्ञान प्रदान

गर्नलाई, ७८ हाम्रा परमेश्वरका कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ, ७९ र अन्धकार र मृत्युको छायामा बस्नेहरूलाई ज्योति मिल्नेछ, र हाम्रा पाउ शान्तिको बाटोतिर डोऱ्याइनेछन्।" लूका १:६९-७९।

पेन्टिकोष्टको समयमा पत्रुसले आफ्नो प्रवचनमा भनेका थिए, "भाइ हो, धर्मशास्त्रको वचन पूरा हुनुपर्दथियो, जुन वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा दाऊदको मुखबाट अघिबाटै पवित्र आत्माले बोल्नुभएको थियो।" प्रेरित १:१६-१७।

बाइबल विज्ञानको पाठ्यपुस्तक होइन। यसले अणुलाई कसरी टुक्राउने वा टाउकोको शल्यक्रिया कसरी गर्ने भनेर सिकाउँदैन। तर त्यो भन्दा महत्त्वपूर्ण जानकारी यसले बताउँछ। यसले हाम्रो जीवन र जगतको अस्तित्व अर्थपूर्ण छ भनेर बाइबलको सन्दर्भमा बताउँछ। यो सबै ज्ञान वा आत्मज्ञानको ढोका खोल्ने साँचो हो ताकि यसबाट पाउने किरणले हामीले हामीलाई चाहेको र आवश्यक भएको ज्ञानलाई चम्किलो पारेर देखाउँदछ। बाइबलबिना परमेश्वरको अस्तित्वको बारेमा चाहिने ज्ञानमा हामी अन्धकारैमा रहनेछौं। जगत ब्रम्हाण्डमा उहाँको भूमिका, हाम्रो उत्पत्ति, जिउनुको अर्थ र हाम्रो भविष्यको बारेमा बाइबलबिना हामी अनभिज्ञ  नै रहनेछौं।

***बाइबलमा के केही सत्यहरू हामीलाई सिकाउँदछ जुन विज्ञान, दर्शन वा विभिन्न वादहरूले हामीलाई सिकाउन सक्दैन?***

## उपसंहारः

**थप जानकारीः *द डिजाएर अभ एजेज,* पृ. ४६३-४७५को "द लाइट अभ लाइफ"; ई. एडवार्ड जिन्कको** द सर्टेन्टी अभ द सेकेन्ड कमिङ्गको **पृ. २३-२६को "द अथोरिटी अभ द बाइबल एण्ड द सर्टेन्ट अभ द सेकेन्ड कमिङ्ग।"**

"जब येशूले आफूलाई संसारको ज्योति भनेर औँल्याउनुभएको थियो त्यसबेला उहाँ मन्दिरको चोकमा हुनुहुन्थ्यो। त्यसबेला छाप्रोबासको पर्वमा धार्मिक विधिहरू सञ्चालन हुँदै थिए। त्यस चोकको बिचमा दुई उच्च र ठुला पानसहरू थिए। बेलुकाको सेवाकार्य पछि ती सबै पानसहरूका बत्तीहरू बालिन्थ्यो। त्यसले यरुशलेम सहरलाई चकमक पारिन्थ्यो। इस्राएलीहरूलाई मरुभूमिको यात्रामा राती चम्किलो बादलले अगुवाइ गर्दथ्यो। त्यसको सम्झनामा ती पानसहरू थिए। यसले मसीहको आगमनलाई औँल्याउँछ भनेर

मानिन्थ्यो। जब बेलुका ती पानसहरूमा बत्ती बालिन्थ्यो तब चोकमा जम्मा भएका मानिसहरू ठुलो खुशियाली मनाउँथे।

"जब यरुशलेममा बत्तीको उज्यालोले चकमक हुन्थ्यो तब मानिसहरूले मसीहको आगमनमा इस्राएलमा उहाँको ज्योति फैलाउनेछ भन्ने आशामा तिनीहरू रहेका हुन्थे। तर येशूको निम्ति त्यो दृश्यको अर्थ बिशाल थियो। जसरी मन्दिरमा बत्तीहरूले उज्यालो पार्दथे त्यसले ख्रीष्टलाई औँल्याउँथे जो आत्मज्ञानको ज्योतिको स्रोत हुनुहुन्थ्यो। यस अन्धकार संसारमा उहाँको ज्योतिले चकमक पार्दछ। तर ती भौतिक पानसहरूको प्रतिक सिद्ध थिएन। आफ्नै हातले आकाशमा बसाल्नुभएको ज्योति नै उहाँको लक्षको महिमा गर्ने सत्य प्रतिनिधित्व गर्दथ्यो।

"यो बिहानीपख थियो। जैतुन पहाडमा घाम भर्खर परेको थियो। यसका किरणहरू आँखै तिरमिराउने गरेर सिंहमर्मरका दरबारहरूमा चम्केका थिए। मन्दिरको सुनौलो पर्खालहरूमा ती किरणहरूको उज्यालो परिरहेको थियो। त्यसैबेला येशूले त्यहाँ औँल्याउँदै भन्नुभएको थियो, "संसारको ज्योति मै हुँ।"–*द डिजाएर अभ एजेज,* पृ. ४६३,४६४।

**चिन्तनमनन:**

**अ.** **बाइबलले सिकाएका निर्णायक सत्य र त्यसका नीतिहरू कुनै पनि विज्ञान र मानवीय दर्शन वा विद्याले सिकाउनु सक्दैन भन्ने प्रश्नमा चिन्तनगर्नुहोस्। क्रूसको बारेमा, पुनरुत्थान, दोस्रो आगमन र अरू बाइबलमा लेखिएको सत्यहरू बाइबलले बाहेक अरूबाट हामी कसरी सिक्न सक्छौं र?**

**आ.** **लुशिफरको पतनको बारेमा सोच्नुहोस्। ऊ सिद्ध र परिपक्व जीव थियो। उसमा परमेश्वरको ज्ञान थियो र परमेश्वर कस्तो हुनुहुन्थ्यो भन्ने आत्मज्ञान पर्याप्त मात्रामा थियो। ती सबैको बावजुद पनि उसले परमेश्वरको विरोधमा ऊ लाग्यो। यसले आत्मनिर्णयको स्वतन्त्रताको बारेमा हामीलाई के सिकाउँछ? हामीमा पनि त्यही आत्मनिर्णयको स्वतन्त्रता छ। तर प्रत्येक क्षणमा हामी परमेश्वरको इच्छामा समर्पित हुनुपर्छ भनेर हामीले कसरी निर्णय गरिरहने?**

# कथा १०

## प्रतिष्ठित महिलाको उपहार

कोलोम्बिया देशको बोगोटामा रहेको अप्पर माग्डबलिना कन्फरेन्सको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मोटर पार्क गर्ने ठाउँमा एक जना राम्रो लुगा लगाएकी प्रतिष्ठित महिलाले आफ्नो कार पार्क गरिन्। त्यस पार्कलाई रेखदेख गर्ने एक जनालाई उनले सोधिन्, "के तपाईंहरू इसाई हुनुहुन्छ?" "हौं" भनेर ५२ वर्षका रुबन क्याम्पोले जवाफ दिए। "तपाईं कुन सम्प्रदायका हुनुहुन्छ?" उनले सोधिन्। "हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं, के तपाईंलाई केही सहयोग चाहिन्छ?" रुबनले सोधे। "कसैले भन्यो कि एडभेन्टिस्टहरूले कसैलाई सहयोग गर्न चाहँदैन," उनले बताइन्। रुबन अचम्म मान्दै भने, "तपाईंलाई हामी सहयोग गर्न चाहन्छौं। तपाईको सेवा गर्न हामी तत्पर छौं।" उनको कार चर्चको पार्क गर्ने ठाउँमा पार्क गर्न सक्छन् कि किनभने उनी नजिकैको अपार्टमेन्टमा बस्छिन् र रातमा सडकमा कार राख्न सुरक्षित नभएको महसुस गर्दै उनले अनुरोध गरिन्। "हुन्छ, तपाईंले यहाँ पार्क गर्न सक्नुहुन्छ," रुबनले बताए। "त्यसको लागि कति पैसा लाग्छ? उनले सोधिन्। "तपाईंको निम्ति पैसा लाग्दैन। यो तपाईंको निम्ति हाम्रो उपहार हो," रुबनले बताए। "धन्यवाद, के तपाईंलाई म अङ्गालो मार्न सक्छु?" उनी खुशी भएर सोधिन्।

त्यो रात, त्यस महिलाले चर्चको पार्क गर्ने ठाउँमा कार पार्क गरिन्। अर्को रात पनि त्यहीं पार्क गरिन् र तेस्रो रातमा उनले रुबनसँग बाइबल मागिन्। अनि दुई जनाले बाइबल अध्ययन गर्न थाले। रुबनले मेच ल्याए र आफू रहने टहरामा सँगै बसेर बाइबल पढ्न थाले। एक महिनापछि त्यस महिलाले रुबनलाई आफ्नो श्रीमानलाई चिनाउन चाहेकी बताइन्। उनले आफ्नो श्रीमानलाई मोबाइलबाट फोन गरिन्। "म उहाँसँग बाइबल पढ्दैछु। म बप्तिस्मा लिन चाहन्छु," उनले बताइन्। त्यस महिलाको श्रीमान् कोलम्बिया सैनिकको बरिष्ठ अधिकृत थियो। उनलाई अस्थायी रूपमा बाहिर देशमा काम गर्न खटाइएको थियो। उनी पनि बाइबल अध्ययन गर्न चाहेको रुबनलाई बताए। "जब म कोलम्बियामा फर्किन्छु तब हामी बाइबल अध्ययन गर्न सुरु गर्नेछौं," उनले भने।

कोलोम्बियाको बोगोटा चर्चमा त्यस महिलाले बप्तिस्मा लिइन् तब रुबन त धेरै खुशी भएका थिए। चर्चको पार्क गर्ने टहरामा काम गर्दै उनको प्रभावले एक जनाले बप्तिस्मा लिनु उनको निम्ति ठुलो उपलब्धी थियो। अब उनी त्यस महिलाको श्रीमानलाई पर्खिरहेकाछन् ताकि उनीलाई पनि बाइबल अध्ययन दिन सकून्।

"अरूहरूको सेवा गर्न येशू व्यस्त हुनुहुन्थ्यो। मानिसको पुत्र सेवा पाउन होइन तर सेवा गर्नु आउनुभएको हो," भन्दे मत्ती २०:२८लाई उतार्दै रुबनले यस लेखकलाई बताए। येशूको उदाहरण अनुसार चल्न रुबन प्रयास गर्दैछन्।

"यदि हामीले सेवा मात्र गर्न सक्यौं भने धेरैलाई प्रभावित पार्न सक्छौं। कुनै व्यक्ति तपाईंकहाँ आउँछ भने तपाईंले उसको सेवा गर्न सधैं तयार हुनुपर्दछ। त्यो व्यक्ति जो भएतापनि त्यसको पर्वाह राख्नुहुन्न," रुबनले बताए।